पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १८ गते आइतबार ❑ 2 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## राष्ट्रपतिद्वारा राष्ट्र निर्माणको महाअभियानमा जुट्न अपिल

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले केही भएन भन्नेमात्र नभई धेरै भएको छ तर देश र जनताका लागि हामीले अझै थुप्रै गर्न बाँकी छ भन्ने अठोटसहित राष्ट्र निर्माणको महाअभियानमा जुट्न अपिल गर्नुभएको छ।



कास्कीको पोखरा महानगरपालिका-१८ सराङ्कोटमा आयोजित श्रीमद् भगवत् ज्ञान महायज्ञ एवं धार्मिक पर्यटन महाउत्सव २०८१ एवं देवालय सराङ्कोटधामको समुदघाट्न समारोहलाई शनिबार सम्बोधन गर्दै उहाँले जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको बताउँदै हाम्रो संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभिष्ट पनि मुलुकको आर्थिक विकास भएको स्पष्ट पार्नुभयो।

राष्ट्रपति पौडेलले युवा जनशक्तिको पलायन मुलुकका लागि ठूलो चिन्ताको विषय भएको भन्दै यो अवस्थाबाट मुलुकलाई जोगाउन सम्बद्ध सबैलाई गम्भीर बन्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "युवा जनशक्तिको पलायन मुलुकका लागि ठूलो चिन्ताको विषय हो । यो अवस्थाबाट मुलुकलाई जोगाउन सम्बद्ध हरेक पक्ष गम्भीर बनून् भन्ने मेरो आग्रह छ।" उहाँले देश विकासको मूल आधार कृषि, जलस्रोत, पर्यटन र पूर्वाधारको विकास भएकाले कृषि, जलस्रोत, पर्यटन, उद्योगधन्दाको विकास र उत्पादन बढाएर स्वदेशी अर्थतन्त्रलाई मजबुत बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले २०४६ सालको परिवर्तनपछि गाउँ, गाउँमा बाटो, बिजुली, पानी, शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता पूर्वाधार पुगिसकेको बताउँदै अब स्वदेशमै रोजगारी र आम्दानीको अवसर सृजना गरी विदेश पलायन भइरहेको युवा जनशक्तिलाई रोक्नु पहिलो आवश्यकता भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो पवित्र स्थलबाट म आज अपिल गर्न चाहन्छु कि सबै नीति, निर्माण तहमा रहेका हामी सबैको ध्यान यसको समाधानतर्फ केन्द्रित होस् ।" उहाँले पोखरा र यस क्षेत्रको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई नेपाल र विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिने प्रचुर सम्भावना आफूले देखिरहेको बताउनुभयो।

उहाँले पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको अत्यन्त महत्त्वपूर्ण भूमिका हुने भन्दै निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण बनाउन स्थानीय, प्रदेश र सङ्घ सरकारले उपयुक्त नीति, नियम र कानुन निर्माण गरेर प्रोत्साहन गरिदिनुपर्ने उल्लेख गर्नुभयो।

राष्ट्रपति पौडेलले पोखरा अन्तरराष्ट्रिय विमानस्थलले यसलाई सिधैँ विश्वसँग जोडेको उल्लेख गर्दै 'जाउँ है पोखरा'लगायतका पर्यटन प्रवर्द्धन अभियानमात्र होइन यहाँ हुने मेला, महोत्सव र साहसिक गतिविधिले यो विश्वकै एउटा घुम्नैपर्ने ठाउँका रूपमा विकास हुँदै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरालाई अझै आधुनिक, विकसित र सुविधासम्पन्न बनाउँदै लैजान नीति निर्माता, तीनै तहका सरकार, पर्यटन उद्यमी, व्यवसायी र यहाँका बासिन्दा दत्तचित्त भएर लाग्नुपर्दछ भन्ने मलाई लाग्दछ।"

सो अवसरमा राष्ट्रपति पौडेल हेलीकप्टर मार्फत काठमाण्डौंबाट सिधै सराङ्कोट धाम पुगी उहाँले सराङ्कोट टपमा निर्माण भएका विशाल पञ्चमुखि गणेश मुर्ति, कैलाशेश्वर शिव मन्दिर, १०८ शिवलिङ्ग तथा जलधारा, ऐतिहासिक भूमेकालिका तथा भैरव मन्दिर सहितका धार्मिक संरचना एवम् त्यहाँ जारी श्रीमद् भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सवको विधिपूर्वक पुजाअर्चना गरी उद्घाटन गर्नुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालको पर्यटन विकासमा गण्डकीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुहुँदै राष्ट्रपतिबाट सराङ्कोट धामको उद्धाटन हुनु प्रदेशकै लागि गौरवको विषय भएको स्पष्ट पार्नुभयो । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सराङ्कोटलाई पोखरा दृष्यावलोकन स्थलको संज्ञा दिनुभयो। उहाँले पर्यटन राजधानी घोषणासँगै पोखरा थप लोकप्रिय बन्दै गएको चर्चा गर्नुहुँदै त्यस यता विकास साझेदार संस्थाहरुको पनि प्राथमिकतामा पोखरा पर्दै गएको अनुभव सुनाउनुभयो।

त्यस अवसरमा सराङ्कोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसी, पोखरा १८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सीना लगायतले सराङ्कोटको महत्वमाथि धारणा राख्नुभयो । कार्यक्रमका बीच सराङ्कोटको स्तरउन्नतीमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, भागवत् भाष्कर पण्डित कमलनयन गौतम, रियल स्टेट प्रा.लिका अध्यक्ष कालु गुरुङ, सूर्यप्रेम बहुउद्देश्यीय समाज सेवा ट्रष्ट, संस्थापक अध्यक्ष स्वः लोकबहादुर थापा, इञ्जिनियरद्वय गंगासागर प्रजापति र विश्वदिप शर्मा, हिलटेक कम्पनीका कमल जैन, गुरुयोजना निर्माण संयोजक पशुपति सुवेदी तथा अन्नपूर्ण केबलकारका महाप्रवन्धक दिनेश पौडेललाई कदर पत्रद्वारा सम्मान गरियो । सराङ्कोटमा वि.स २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ। हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ्ग, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका तथा भैरव मन्दिर, स्वागतद्वार निर्माण भइसकेका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ।त्यहाँ अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ । सराङ्कोट टपमा सडकका अलवा पोखरा स्थित सेदीबाट अन्नपूर्ण केवलबार मार्फत पनि पुग्न सकिन्छ।

## सदनमा प्रस्तुत अध्यादेश पास हुन्छ : सञ्चारमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरूङले सरकारले सदनमा प्रस्तुत गरेका अध्यादेश पारित हुने बताउनुभएको छ।



पोखरामा रहेको हिमालय आँखा अस्पतालको ३२ औँ वार्षिकोत्सवको शनिबार उद्घाटन गर्दै उहाँले सुशासन प्रवर्द्धन र सार्वजनिक सेवालाई प्रभावकारी बनाउने गरी सरकारले अध्यादेश ल्याएकाले पारित गर्नुपर्ने बताउनुभयो। सञ्चारमन्त्री गुरूङले केभन्दा जनता खुसी हुन्छन् भनेर होइन जनता के काम गर्दा खुसी हुन्छन् भनेर सोच्नुपर्ने बताउनुभयो । "स्वास्थ्य क्षेत्र अस्तव्यस्त छ, शिक्षा क्षेत्र त्यस्तै छ।

अस्तव्यस्तताभित्र सुधार कसरी गर्न सकिन्छ भनेर अध्यादेश ल्याएको हो", उहाँले भन्नुभयो। सुशासनबिना देशको विकास नहुने भएकाले सुशासन प्रवर्द्धनका लागि समेत अध्यादेशले सहयोग पुग्ने उहाँको विश्वास थियो । मन्त्री गुरूङले भन्नुभयो, "नेपालको ऐन, कानुनमा एकैपटक धेरै सुधार गर्नुपर्ने देखिएकाले संवैधानिक प्रावधानअनुसार नै अध्यादेश ल्याइएको हो । हामीलाई के अनुभव छ भने संसद्बाट एउटा विधेयक पास गर्न पाँच वर्ष लाग्यो । सुशासन कायम र सार्वजनिक सेवालाई प्रभावकारी बनाउन १२ कानुन संशोधन गर्न आवश्यक छ । संशोधन नगरिकन सुशासन हुँदैन, सार्वजनिक सेवा प्रवाह प्रभावकारी तत्कालै गर्नुपर्दछ। अध्यादेश पास हुन्छ, पास गराउनु पर्दछ।"

संसद् चलिरहेका बेलामा अध्यादेश ल्याउन नपाइने भएकाले नै सरकारले संसद् सुरू हुनुभन्दा अघि ल्याएकाले संसद् छलेर अध्यादेश ल्याइएको भनेर चर्चा गर्नु आवश्यक नरहेको उहाँले बताउनुभयो। सञ्चारमन्त्री गुरूङले निजी क्षेत्रबाट सञ्चालन भएर देशकै नमूना आँखा अस्पतालका रूपमा रहेको हिमालय आँखा अस्पताललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो । "पोलिसीमा परिर्वतन गर्नुपर्ने छ भने पनि गरौँला, हिमालय आँखा अस्पतालप्रति मेरो माया र ममता छ। स्वास्थ्य क्षेत्रमा गरेको योगदान र राम्रो अस्पताल सञ्चालन गरेकामा बधाई छ। मेरो तर्फबाट भौतिक पूर्वाधारलगायत आवश्यक पर्ने सहयोग रहने छ", उहाँले भन्नुभयो।

राष्ट्र, जनता, व्यवस्था, शान्ति सुव्यवस्था र राष्ट्रिय एकता कमजोर बनाउने गतिविधि रोक्न सामाजिक सञ्चालन नियमन विधेयक ल्याइएको मन्त्री गुरूङले बताउनुभयो । उहाँले सरकारले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई हनन गर्न नखोजेको भन्दै विधेयकामा उल्लेख गरिएको दण्ड सजायका बारेमा छलफल तथा परिमार्जन हुनसक्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा अस्पतालका पूर्वअध्यक्ष डा दिलबहादुर क्षेत्री, गण्डकी प्रदेशसभा सदस्य भीम कार्की, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष सुरेन्द्र थापामगर, अस्पतालका मेडिकल डाइरेक्टर डा बबिता गुरूङ, पत्रकार महासङ्घका अध्यक्ष माधव बराललगायतले अस्पतालको स्थायित्वका लागि गण्डकी प्रदेश सरकारले स्वामित्व लिनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा सापु रोगसम्बन्धी सचेतना भिडियो प्रतियोगितामा विजयी विद्यार्थी तथा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो।

## आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्यः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेकोमा जोड दिनुभएको छ । उहाँले सरकार र निजी क्षेत्रबीचको सौहार्दपूर्ण सम्बन्धको जगमामात्रै समृद्धि र विकास सम्भव रहेको बताउनुभयो।



नेपाल वितरक महासंघको १३ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनको शुभारम्भ गर्दै उहाँले निजी क्षेत्र आर्थिक अवसर र रोजगारीको स्रोत भएकाले अर्थतन्त्रको ऊर्जा भएको उल्लेख गर्नुभयो।

लगानीमैत्री वातावरण निर्माण गर्न सरकारले विशेष भूमिका निर्वाह गर्नुपर्ने भन्दै उहाँले व्यापार, ढुवानी तथा वितरणमा सहज वातावरण सिर्जना गरी निजी क्षेत्रलाई विकासको वास्तविक साझेदार बनाउनुपर्नेमा जोड दिनुभयो।

व्यापार व्यवसाय चलायमान बनेमा मात्र राज्यको अर्थतन्त्र सुदृढीकरण हुने बताउँदै उहाँले वितरकहरुको काम, कर्तब्य र अधिकारलाई समेट्ने गरी स्पष्ट कानुन नबन्दा विभिन्न समस्याहरु भोग्नु परेको समस्याबारे आफू जानकार रहेको बताउनुभयो । 'सामानहरु देशका विभिन्न ठाउँमा पुऱ्याएर सेवा प्रवाह गर्ने क्रममा विभिन्न कठिनाईहरु भोग्नुपरेको गुनासो अवगत नै छ। आर्थिक मन्दी, बढ्दो बैंक ब्याजदरका कारण व्यवसायीहरु मारमा परेको अवस्था छ।' उहाँले भन्नुभयो-'नीतिगत रुपमा व्यवसायलाई कुनै अप्ठ्यारो परेको भए त्यसमा राज्यले सहजीकरण गर्नुपर्नेछ।' आफ्ना व्यवसायिक हकहितलाई सर्वोपरी राखी सामाजिक उत्तरदायित्व वहन गर्दै अघि बढ्नु संस्थाको पवित्र उद्देश्य रहनुपर्नेमा प्रदेश प्रमुख भट्टले जोड दिनुभयो । 'लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई विकासको वास्तविक साझेदार बनाउनु राज्यको दायित्व हो ।' भट्टले भन्नुभयो । महासंघका अध्यक्ष हरिराज पन्तको अध्यक्षतामा कार्यक्रम भएको थियो । पन्तले स्वदेशमै उत्पादन भएका एवं बाह्य बजारबाट आयात गरिएका विभिन्न उत्पादनहरु वितरण तथा बजारीकरणमा संलग्न व्यवसायीहरुको अभिभावकीय संस्थाका रुपमा रहेको यो महासंघ ४५ जिल्लामा फैलिसकेको र ६ हजार बढी व्यवसायी आवद्ध रहेको बताउनुभयो। नेपालमा उत्पादित तथा विदेशबाट आयातित वस्तुहरुको विक्री वितरण गर्ने एकै प्रकृतिका व्यवसायीहरू एकीकृत भई २०६६ सालमा नेपाल वितरक महासंघ स्थापना भएको हो । अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# संविधान संशोधन राजनीतिक एजेण्डा हो : रेखा शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पछिल्लो समय माथापच्चीको एक विषय बनेको छ संविधान संशोधन । असोज ३, २०७२ मा घोषणा भएको संविधान संशोधनको विषयमा दुई ठुला दल एकै ठाउँमा उभिएपछि थप चुलिएको छ।

संविधान संशोधनको पक्ष र विपक्षमा बहस भइरहन्छ । संविधान संशोधन किन गर्ने ?के संविधान संशोधन आवश्यक छ ? राजनीतिक राजनीतिक अस्थिरताको कारक संविधानमा भएका केही प्रावधानलाई मान्दै केही खेमा यसको संशोधनको पक्षमा उभिएका छन् । सरकार गठबन्धन प्रक्रिया, अनावश्यक आयोग, नियुक्तिका विषय देखाएर संशोधनको विषय उठाइरहेका छन् । अर्का पक्षमा भने यसलाई राजनीतिक स्वार्थसँग जोडेका छन्।

पोखरामा भइरहेको १२ औं एनसिएल फाउडेण्सन नेपाल लिटरेचर फेस्टिभलको तेस्रो दिन भएको 'संविधान संसोधनको औचित्य' विषयमा बोल्दै पूर्व सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को नेताले यस पछाडि अन्य अन्तरनिहीत कारण हुनसकेको आशंका गरिन् ।

'संविधान संशोधनको जून चर्चा बहस छलफल हामीले गरेका छौँ यो गर्नका लागि मात्र हो कि यसका पछाडि अरु कुनै अन्तरनिहीत कारण छन् । बहुमत पुगेन भन्ने नाममा संविधान संशोधन गरेर उत्पीडित जाति समुदाय क्षेत्रको अधिकारलाई कटौती गर्ने कुरा चाहिँ हाम्रो लागि मान्य छैन,' शर्मालेे भनिन् । आजको समयमा सशोधनको चर्चा राजनीतिक एजेण्डा मात्र रहेको उनको भनाइ थियो । 'आजको दिनमा जून संविधान संशोधनको




चर्चा चलिरहेको छ अहिले मलाई के लागेको छ भने गठबन्धन परिवर्तनको निम्ति अगाडि सारिएको राजनीतिक एजेण्डा हो भन्ने म ठान्छु । सम्भवत संविधान संशोधन गर्ने मनाशयले हो कि होइन भन्ने मलाई आशंका पनि छ,'शर्माले थपिन् । यद्यपी संविधान असंशोधनीय चीज नभएको उनको भनाइ छ।

संविधान गतिशिल दस्तावेज भएकाले यसलाई समृद्ध बनाउँदै लैजान आवश्यक रहेको भनाइ शर्माको छ । राजनीतिक अस्थिरताको विषयमा शासकीय प्रणाली चयनमै समस्या भएको उनले बताइन् । 'संविधान असंशोधनीय चीज होइन । यो गतिशिल दस्तावेज हो । यसलाई समृद्ध गर्दै जानुपर्छ । आजपनि हाम्रो प्रतिबद्धता के मा छ भन्दा यो अस्थिरताका कुरा छन् पटकपटक सरकार बदलिने काम मात्र भइराख्यो यसमा मुख्य शासकीय प्रणाली चयन यसमा समस्या देखेको छु । प्रत्यक्ष कार्यकारी राष्टपति हुने हो भने यो पाँच वर्ष चल्ने सरकार बन्थ्यो,'शर्माले भनिन् । संशोधनको विषयलाई राजनीतिक एजेण्डा बताउने शर्माले संविधानमा भएका केही विभेद मिलाउनपर्ने आवश्यकता रहेको विचार राखिन् । 'निर्वाचन प्रणालीमा आउँदा असाध्यै खर्चिलो देखका छौं त्यसकारण पूर्ण समानूपातिक निर्वाचन प्रणाली हुनुपर्छ र नागरिकतामा महिलाहरुलाई विभेद गरिएको छ सो सम्बन्धि जून प्रावधान छ संविधानमा त्यसलाई पनि मिलाउनुपर्छ,'शर्माले भनिन् ।

सत्रमा बोल्दै जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान निर्माणको प्रक्रिया नै गलत रहेको विचार राखे । 'यो संविधान सभाको मन्चलाई प्रयोग गरेर घोषणा मात्र गरिएको हो । संविधान सभाले बनाएको होइन । चारपाँच जना लेखनदासहरु बसे संविधान सभामा आफनो स्वार्थको विषय राखे । अनि संविधान सभाबाट घोषणा गरैं। जस्तो त्यसैलाई संविधान सभामा छलफल गरिएन । संविधान निर्माणको प्रक्रिया र घोषणा विधी नै गलत थियो,'यादवले भने । संविधान जारी भएको दिनमा मधेशी मात्र होइन पहाडका सीमान्तकृत समुदायले कालो दिवस मनाएको उनले भनाइ राखे । संविधानमा खसआर्यको मात्र परिभाषा राखेर नश्लीयभेदभाव गरेको उनको भनाइ थियो । यो संविधानलाई सच्याउनु आवश्यक रहेको उनको भनाइ थियो । 'यो संविधानले नेपाललाई संघीयत गणतन्त्र नेपाललाई न संस्थागत गर्न गर्छ न स्वतन्त्र न्यायपालिका दिन सक्छ न आम जनताले चुनाव लड्न सक्ने वातावरण रहन सक्छ । राजनीतिक स्थिरता र समृद्धी र सुशासन त सम्भव नै छैन । त्यसकारण यो संविधानलाई संशोधन गर्नुसूहोस्, पूर्नलेखन गर्नुहोस्, परिमार्जन गर्नुस् र सच्याउनुहोस्,'यादवको भनाइ थियो । संविधान जारी भएपछि यादवहरु यसको विपक्षमा उभिएका थिए । संविधान संशोधनको बहस उठेपछि मधेश केन्द्रित विषय समेटिने आशापनि गरेका छन् । यस्तै भूगो नभई जनसंख्याको अनुपातमा निर्वाचन क्षेत्र तय गर्नुपर्ने र नागरिकता सँग जोडिएको विभेदपूर्ण व्यवस्थाका विषयमा समस्या गरिनुपर्ने आवाज उठिरहेको छ । दुनियाँको कुनैपनि संविधान उत्कृष्ट नभएको भनाइ पूर्व संस्कृति र सूचना तथा सञ्चारमन्त्री मीनेन्द्र रिजालले राखेका थिए । 'मैले कुनैपनि संविधानलाई दूनियाँको उत्कृष्ट संविधान भन्न सक्दिनँ कुनैपनि संविधान उत्कृष्ट हुँदैन,'रिजाले भने ।

संवैधानिक नियुक्ती, राजनीतिक नियुक्ती परिणाममुखी भन्दा प्रक्रियामुखी भएको रिजालको भनाइ छ । 'राजदूतको नियुक्ती, संवैधानिक आयोगको नियुक्ती, राजदूतको र न्यायधिशको नियुक्ती कसरी हुन्छ भने प्रस्ताव गर्ने संस्थामा देशको प्रधानमन्त्री छ प्रधानन्यायधीश छ विपक्षको नेतृत्व छ । झण्डै राष्टिय सहमति भएको बडी छ त्यो बडीले प्रस्तावित गरेको मान्छे सुनुवाई हुन्छछ फेरि संसदिय समितिमा जहाँ दलको ह्वीप बोकेर हिँडेको मान्छे छ । महत्वपूर्ण प्रश्न छ,'रिजालले भने । कार्यक्रमको सहजकर्ताका रुपमा पत्रकार विनु सुबेदी थिइन् । संविधान संशोधनको बहस चलिरहँदा संविधान संशोधन कसरी गर्न मिल्छ भन्ने प्रश्न छ । संविधान धारा २७४ मा संशोधन गर्न मिल्ने व्यवस्था छ । यद्यपी संविधान संशोधनका लागि दुईतिहाइ बहुमत आवश्यक पर्छ । प्रतिनिधिसभाको दुईतिहाइका लागि १ सय ८४ मत आवश्यक पर्छ ।

# अन्नपूर्ण क्लिनिकल प्रालिले सुरु गऱ्यो शुलभ फार्मेसी सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरा महानगरपालिका वडा नम्बर १३ मियापाटनमा रहेको अन्नपूर्ण क्लिनिकल प्रालिले सुलभ फार्मेसी सेवापनि सुरु गरेको छ। ६ वर्ष अघिदेखि सञ्चालनमा आएको प्रालिले सर्वसाधारणलाई होलसेल मूल्यमै औषधी उपलब्ध गराउन फार्मेसी सेवा सञ्चालनमा ल्याएको हो ।




यस्तो खालको फार्मेसी नेपालमै पहिलो पटक स्थापना भएको प्रालिको दाबी छ।

फार्मेसीको शुक्रबार पोखरा १२ का वडाध्यक्ष सन्तोष बास्तोला र पोखरा १३ का वडाध्यक्ष किरण बरालले संयुक्त रुपमा उद्घाटन गरे । अन्नपूर्ण क्लिनिकलमा प्रदेशकै पहिलो रेफरेन्स ल्याब युआरएलको शाखासहित भिडियो एक्सरे, ओपिडी, मुटुको भिडियो एक्सरे, सामान्य शल्यक्रिया लगायतका सेवा उपलब्ध छन् । बाँझोपनको समस्या सामाधानका निम्ति भारतको प्रतिष्ठित चेन इन्दिरा आइभिएफको काठमाडौं शाखासँग सहकार्य गरी यहाँ परामर्शसमेत दिने गरिएको छ । अन्नपूर्णकी सञ्चालक संगीता बरालले उपभोक्ताको हितका लागि सुरु गरिएको सेवाबाट लाभ लिन आग्रह गरिन् ।

क्लिनिकलमा निशुल्क तीन महिने संगिनी सुई लगाउने सेवापनि दिईन थालेको प्रालिले जनाएको छ । सो सेवाको शुक्रबार नै शुभारम्भ गरिएको हो । पोखरा १३ को सहरी स्वास्थ्य केन्द्र तथा महानगरको स्वास्थ्य महाशाखाको समन्वय यो सेवा सुरु गरिएको सञ्चालक संगीता बरालले जानकारी दिईन् ।

उद्घाटन कार्यक्रममा बोल्दै पोखरा १२ का अध्यक्ष बास्तोलाले व्यवसायसँगै सर्वसाधारणलाई सेवा दिने हेतुले यस खालका प्रयास हुनु सराहनीय भएको बताए । उनले भने, 'यस खालका काम राज्यले गर्नुपर्ने हो । निजी क्षेत्रबाट सुलभ रुपमा सर्वसाधारणले औषधी पाउँदा उनीहरुको स्वास्थ्यमा पहुँच बढ्छ ।' पोखरा-१३, मियाँपाटन चोकमा रहेको अन्नपूर्ण क्लिनिकलमा विशेषगरी पोखरा महानगरका वडा नम्बर १०, १२ र १३ का सर्वसाधारण सेवा लिन पुग्ने गरेका छन् । अन्नपूर्णका सञ्चालक हिरामणि न्यौपानेले स्वास्थ्य क्षेत्रको संवेदनशीलता र नागरिकको कर्तव्य बोध गरी यस खालको सेवा सुरु गरेको बताए । उनले भने, 'नाफामुखी भन्दा सेवामुखी भएर काम गरौं भनी नयाँ योजना ल्याएका छौँ । होलसेल मूल्यमै औषधी पाउँदा उपभोक्ताको पहुँच उपचारमा बढ्नुका साथै आर्थिक रुपमा पनि उनीहरुलाई फाइदा हुन्छ ।'


## महिला अधिकारको सम्मान गरौं

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# एक दिवसीय क्रिकेट: कास्की र तनहुँ फाईनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन



प्रादेशिक क्रिकेट संघको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदानमा सञ्चालित प्रधानमन्त्री कप एकदिवसीय गण्डकी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा शनिबार भएको खेलमा कास्की विजयी भएको छ।

कास्कीले नवलपुरलाई ९ विकेटले पराजित गरेको छ। शनिबार सम्पन्न भएको खेलमा नवलपुरले दिएको ९९ रनको लक्ष्यलाई कास्कीले एक विकेटको क्षतिमा १९.१ ओभरमा पुरा गरेको हो । ५० ओभरको खेल ४० ओभरमा झारिएको थियो। ४० ओभरमा टस जितेर नवलपुरले व्याटिङ रोज्यो । ओसिलो पीचमा नवलपुरले केवल ९८ रन मात्रै बनायो। २१.४ ओभर मात्रै खेलेको नवलपुरले प्रमेश अर्यालले १७ रन बनाए । आर्या महतोले ११, आयुष सुवेदीले १४ र कमल परियार भने १५ रनमा अविजित रहे । कास्कीका सुवास भण्डारीले ४.४ ओभरमा १ मेडन राख्दै २६ रन खर्चिएर ५ विकेट लिए। विपिन खत्री र नितेश गिरीले समान दुई दुई विकेट लिए । ९९ रनको लक्ष्य पछ्याएको कास्कीले अर्जुन कुमाल र मुस्कान थापाको ओपनिङमा सहज जित निकाल्यो। कुमाल नटआउट ४७ रनमा बनाउने क्रममा ८ चौका प्रहार गरे । थापा भने ३५ रनमा आउट हुदाँ स्कोर कार्डमा ५ चौका लेखिएको थियो । रोहित चन्द ९ रनमा अविजित रहे। आईतबार फाईनल हुने छ। फाईनलमा कास्की र तनहुँ खेल्ने छन्।

# 'राष्ट्रियताका निम्ति स्वाभिमानी नेपाली एक हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
लमजुङ, १७ फागुन

भूमि जागरण अभियान नेपालका संयोजक तथा पूर्वउपप्रधानमन्त्री डा भीम रावलले राष्ट्र र राष्ट्रियताका निम्ति स्वभीमानी नेपाली एकजुट हुनुपर्ने बताउनुभएकोछ।



खलमजुङ बेंसीसहर नगरपालिका-७ मा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले देश राजनीतिक र आर्थिक रूपमा सङ्कटोन्मुख अवस्था रहेकाले यसको समाधानका लागि सबै एकजुट हुनुपर्ने बताउनुभयो । "कुनै दल वा व्यक्तिगत स्वार्थमा नलागी देश, जनताको पक्षमा सबै एकजुट हुनुपर्ने बेला आएको छ", उहाँले भन्नुभयो, "राजनीति दलहरूले देश र जनताको लागि काम गर्न नसक्दा सङ्कट पैदा भएको छ, यस्ता सङ्कटबाट पार पाउनका लागि सबैको हातेमालो जरूरी छ ।" देशलाई सही दिशामा लैजानका लागि दुई ठूला दल एमाले र कांग्रेसले संविधानअनुसार काम गर्न नसकेको आरोप लगाउँदै नेता रावलले राष्ट्र र राष्ट्रियताको पक्षमा उभिँदा पार्टीभित्रै आलोचित हुनुपरेको गुनासो गर्नुभयो।

# चापापानी सहकारीमा शिक्षा तालिम

**बसन्त कार्की**
पोखरा, १७ फागुन

पोखरा महानगरपालिका वडा नं १२ स्थित चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा शनिवार सहकारी शिक्षा, तालिम तथा बनभोज कार्यक्रम सम्पन्न भयो।



चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक अध्यक्ष तथा संरक्षक नरेश बहादुर कार्कोले व्यानरमा हस्ताक्षर गरी उद्घाटन गर्दै सहकारीका सदस्यहरुलाई यस्ता सहकारी शिक्षा तालिमले सदस्यहरुलाई सहकारी वारेमा बुझ्न सजीलो हुने । चापापानी सहकारी कास्कीमा राम्रो सहकारी भनेर चिनीएको शेयर सदस्यहरुमा आर्थिक कारोवार ढुक्क भएर गर्न अनुरोध गरे । चापापानी सहकारीका अध्यक्ष दिपक कार्कीले सहकारीको मुल्य, मान्यता अनुसार चापापानी सहकारी आज सम्म चलिरहेको जानकारी गराए । समय अनुसार चल्दै आएको चापापानी सहकारीमा ९६६ शेयर सदस्यवाट एक हजार सदस्य पुराउने लक्ष रेहको अध्यक्ष कार्कीले भने । सदस्यहरूलाई सामाजिक र सांस्कृतिक विकासमा पनि जोड दिइरहेको अध्यक्ष कार्कीले वताए।

कार्यक्रममा पोखरापत्र राष्ट्रीय दैनिकका कार्यकारी सम्पादक तथा लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले चापापानी सहकारीले दिनप्रतिदिन गरेका प्रगति खुशी प्रकट गर्दै आगामी दिनमा अझ प्रगति गर्दै अगाडि बढ्ने शुभकामना दिए । पोखरा महानगरपालिका वडा नं १२ का वडा सदस्य शान्ती कोइरालाले आँफु यस संस्थाको स्थापना कालदेखी नै आवद्ध भएको बताउदै चापापानी सहकारी प्रति पोखरा १२ का जनता मात्र नभइ पोखराभरीका जनताको विश्वास वढ्दै गएको भनिन् । सहकारीका प्रवन्धक करुणा शाही कार्कीले सहकारीको हालसम्मको वित्तीय कारोवार राम्रो भएको भन्दै संस्थाको प्रगतिको विवरण वारे जानकारी दिइन् । चापापानी सहकारीका अध्यक्ष दीपक कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष श्याम प्रसाद साँखीले स्वागत र सहकारीका शिक्षा संयोजक मनोहरि पौडेलले सहकारीका सात सिद्धान्त वाचन र सहकारी सचिव इन्दिरा भण्डारी कोईरालाले संचालन गरेकि थिइन्।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# अध्यादेशको विषय वस्तुमा वहस गर

सरकारले माघ १८ गते संघीय संसद्को दुवै सदनमा पेस गरेको अध्यादेश पारित गराउने तयारी सत्ताधारी दलको छ। सत्ता गठबन्धनका दलहरुको असहमतिका कारण अगाडि बढ्न नसकेको अध्यादेश जति सक्यो त्यति चाँडो पारित गराउन आतुर छ। सरकार आत्तिएर हुँदैन। पारित हुन परिस्थिति परिपक्व बन्नुपर्छ। परिस्थिति बनाउने भन्दा मिडियामा चर्चा बटुल्ने सोचले काम गर्दा पर धकेलिएको हो। अध्यादेश पास गराउन फागुन २१ गते सरकारले जोडदार तयारीका साथ संसद्मा पेस गर्दै छ। त्यसका लागि सत्ताधारी दल नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूले मधेस केन्द्रित दललाई प्रयास गरिरहेका छन्। कांग्रेस-एमाले गठबन्धनको बैठकले अध्यादेशमा सहमति जुटाउन उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीसँग नेपालसँग कुराकानी गर्दैछ।

तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने अध्यादेश पास गराउन सत्ताधारी दलहरू सांसद खरिद-बिक्रीमा लागेको आरोप लगाएका छन्। अध्यादेशबारेमा आयोजना गरिएको बृहत् अन्तर्क्रियामा अध्यक्ष यादवले भूमिसम्बन्धी अध्यादेश खारेजीको माग पनि गरे। भूमिसम्बन्धी अध्यादेश आत्मघाती भएको र पास गराउन सत्ताधारी दल लागि परेको उपेन्द्रको आरोप छ। 'बिचौलियाहरू सांसद खरिद-बिक्रीमा लागेको आरोप लगाउन जति सजिलो छ त्यतर्फ अध्यादेश पारित भयो भने आन्दोलनमा जान्छौं,' भन्ने घुर्कौ हो।

राष्ट्रिय सभामा तीन सांसद रहेको जसपा नेपाल अध्यादेश पास गराउन निर्णायक छ। २९ सांसद पुगिसकेको सरकारलाई अध्यादेश पास गराउन मात्र एक सांसद आवश्यक छ। यस्तोमा सांसद खरिद-बिक्री हुने जसपा नेपालले आशंका गरेको हो। एक जना सांसद जसरी पनि जोहो गर्ने कसरतमा कांग्रेस-एमालेका नेताहरू लागिपरेका छन्। त्यसका लागि सांसदहरूलाई विभिन्न प्रलोभन दिन लागिएको भन्दै यादवले यस्तो अभिव्यक्ति दिएका हुन्। जसपा नेपालबाट राष्ट्रियसभा सदस्य मृगेन्द्रकुमार सिंह यादवले सत्ताधारी दल अध्यादेश पास गराउन जुनसुकै हदसम्म जानसक्ने अवस्था देखिएको बताए। भने, 'हाम्रो पार्टीका अध्यक्ष उपेन्द्रजीले केही संकेत पाएर नै यस्तो कुरा बाहिर ल्याउनुभएको होला, मकहाँ त्यस्तो अफर वा दबाब अहिलेसम्म आइपुगेको छैन।' तर एकीकृत नेकपा समाजवादी र आफ्नो पार्टीका केही सांसदलाई भने सत्तारुढ दलले खरिद गर्ने प्रयास गरिरहेको उनले खुलाए।

अध्यक्ष यादवले भूमिसम्बन्धी अध्यादेश फिर्ता नलिए अन्य पाँच वटा अध्यादेशमा पनि सहयोग नगर्ने बताइसकेका छन्। उता लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले पनि भूमिसम्बन्धी अध्यादेशमा रहेका त्रुटि सच्याए मात्र पास गराउन सहयोग गर्ने बताइरहेका छन्। पार्टीका महासचिव डा.सुरेन्द्रकुमार झाले सत्ता गठबन्धन बैठकले नै कार्यदल बनाएर अध्यादेशमा देखिएको त्रुटि अध्ययन गरी सच्याउने भनेकाले आफूलाई विश्वास लागेको बताए। त्रुटि नसच्याई पास गराए आफ्नो पार्टीले केही निर्णय गर्ने उनको भनाइ थियो।

अध्यक्ष यादवले सांसद खरिद-बिक्रीको कुरा उठाउनु गम्भीर भएकाले छानबिनको माग पनि गरे। अध्यादेश पास गराउन कांग्रेस-एमाले नै यो हदसम्म जान्छन् जस्तो आफूलाई नलागेको पनि उनको भनाइ थियो। कांग्रेस नेता चिनकाजी श्रेष्ठले भने एउटा अध्यादेश पास गराउन कांग्रेस-एमाले त्यो हदसम्म जान्छ भन्ने नलागेको बताए। 'अध्यादेश सहमतिमै पास गराउने हो, त्यसका लागि दलका नेताहरूले छलफल गरिरहेका छन्,' उनले भने, 'सहमति भएन भने केही बिग्रँदैन त्यसका लागि प्रयासहरू जारी राख्नुपर्छ, केही सुधार गर्नुपऱ्यो भने त्यसका लागि पनि तयार हुनुपर्छ,'।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# वडा १३ मा प्रदर्शनी तथा रोजगार मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरा महानगरपालिका वडा नं. १३ को कार्यालयको आयोजनामा शैक्षिक प्रदर्शनी तथा रोजगार मेला कार्यक्रम आगमी २० गते हुने भएको छ।

यस क्षेत्रका बालबालिकाको सिर्जनाशीलतामा अभिवृद्धि गरी सुन्दर भविष्य निर्माणका लागि शैक्षिक सामाग्री प्रदर्शनी र यूवाहरूका लागि लक्षित गरेर रोजगार मेला वडा कार्यलय परिसरमा हुने भएको हो। कार्यक्रमको समुद्घाटन शिक्षाविद् जर्ज जोनबाट हुने छ। वडा नं १३ भित्रका सामुदायिक तथा संस्थागत गरी १४ ओटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट बनाइएका शैक्षिक सामाग्रीहरु प्रदर्शन गरिने छ। रोजगार मेलामा पोखरा फुड्स, बैङ्क, सुजल डेरी, विभिन्न मन्टेश्वरी साथै कलेजका प्रतिनिधिहरूले रोजगार सम्बन्धी जानकारी दिनेछन्। वडा नं. १३ का विद्यार्थी, अभिभावक र वडावासी साथै कामको खोजिमा रहनु भएको युवाहरूले अवलोकन गर्ने र विस्तृत जानकारी प्राप्त गर्ने छन्। युवाहरुका लागि रोजगारको लागि सदैव सहजीकरण गर्ने कुरा वडा १३ का वडा अध्यक्ष किरण बरालले बताए। शैक्षिक प्रदर्शनीमा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुका समूहलाई क्रमश रु. आठ हजार, पाँचहजार र तीनहजार प्रमाणपत्र सहित नगद पुरस्कार दिइने कार्यक्रम संयोजक राजेन्द्र भण्डारीले पोखरापत्रलाई जनाकारी गराए।

# चेतनाको अग्रपक्ष लिने विधा कविता




**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

थोरै शब्दमा गहिरो भाव पोख्ने माध्यम हो कविता। छोटो र लयात्मक रुपमा भाव पोख्छ कविताले। प्रेम र विद्रोह दुबै बोल्ने दरिलो आयम समेत मानिन्छ कविता। कविताको कर्म यहीँ मानिन्छ। कविकै विचारमा कविताको कर्म के हो त ? कविता चेतनाको कलात्मक विधा रहेको बताउँछिन् स्वतन्त्रता र समानताका पक्षमा लेख्ने कवि कल्पना चिलुवाल।

पोखरामा जारी १२ औं एनसिएल फाउडेण्सनको तेस्रो दिनको 'कविताको कर्म'मा बोल्दै चिलुवालले कविताले चेतनाको अग्रपक्ष बोकेर हिँडेको सुनाइन्। पछिल्लो दशकमा कविलाई हेर्ने दृष्टिकोणपनि बदलिएको उनले बताइन्।

'केही दशक पहिला कवि भन्ने बित्तिकै एउटा झुत्रो कपडा लगाएको मैलो कपडा लगाएको चप्पल पड्काउँदै हिँड्ने एउटा विम्ब स्थापित गरिएको थियो। अहिले आइसक्दा त्यो विम्ब चाहिँ विस्तारै विस्तारै फेरिँदै गएको छ। हरेक समाज परिवर्तनको आन्दोलनहरुमा राजनीतिक परिवर्तनको आन्दोलनहरुमा कहीँन कहीँ कवितालाई इतिहास देखिने प्रयोग गर्दै आइरहेको छ,' चिलुवालले भनिन्।

कविताको छोटो वाक्यांशले समेत मान्छेको मस्तिष्कलाई झंक्रित पार्न सक्ने उनको भनाइ छ। 'कविताले कहिलेकाँही चेतनाको यति चाहिँ अग्रपक्ष बोक्छ कि त्यो कविता सुन्दा हामीलाई चाहिँ तत्काल हाम्रो सोच विश्वासमा कताकता भूइँचालो ल्याइदिन सक्ने सामर्थ्यपनि कविताले ल्याइदिन सक्छ,' चिलुवालले भनिन्।

सूक्ष्म भन्दापनि सूक्ष्म कुरा बोकेर विशाल आयम ग्रहण सक्ने कविताको क्षमता रहेको चिलुवालले बताइन्।

कविता जटिल र गहिरो विषय रहेको बताउँछन् कवि तथा गीतकार रमेश क्षितिज। 'कविता विषय जटिल हो। साहित्यकै अरु विधाको पनि कविता मूर्तताको, लोकप्रियताको, उद्देश्यको कुरा हामी जब गर्छौं। त्यो त्यति मूर्त देखिँदैन। कवितामा कर्ममा किन लागियो भन्ने अत्यन्त गहिरो प्रश्न हो त्यो प्रश्नको उत्तर मैले अहिलेपनि खोजिरहेको छु। कविताले के दिन्छ समजालाई भन्ने कुरा धेरै बहसको विषय हुनसक्छ,' क्षितिजले भने।

उनको विचारमा कविताले होशपूर्वक बाँच्ने तरिका र मूल्य दिन्छ। गाउँमा रेडियोमा कविता सुनेर हुर्किएर क्षितिज कविताको पुस्तक पढ्दै कवितासँग साक्षारत्कार भएको बताउँछन्।

कविले समाजमा नजरअन्दाज गरेको विषय शब्द मार्फत उतार्ने बताउँछन् उर्दू साहित्य फाउन्डेशनका अध्यक्ष तथा कवि र सायर सहर महमूद।

'म जून ठाउँबाट आउँछु त्यो ठाउँमा सायद जन्मिछ। बन्दैन। जब उसलाई मौका मिल्छ तब उसको अन्तरआत्माबाट सायरी आफैँ निस्किन्छ। आम मान्छेले समाजमा देख्न नसकेका विषय सायरले देख्छ र आफनो अन्दाजले लेख्छ,'महमूदले भने।

महमूदको भनाइमा सहमत हुँदै कविताले क्षितिजले समाजको प्रतिविम्बि देखाउने बताए। 'कविताको मूल मर्म भनेको समाजमा देखिरहेका कुराहरुलाई प्रतिविम्बित गर्ने हो। मान्छेले कल्पना नगरेको समाजमा नभएका कुराहरु आउने कुरा होइन। तथापि कविको कर्म भनेको उज्यालोतिर हिँड्नु हुन्छ,'कवि क्षितिजे भने।

कविले मुक्ति र स्वतन्त्रताको लागि भूमिका खेल्ने बताउँछन् क्षितिज। 'समाजमा जे छ त्यो कुरा अँध्यारो छ भने अँध्यारोको पनि गीत गाइन्छ। त्यो गाउने कुरा चाहिँ कविता हो। कविता मानिसको जीवन सँग जोडिने कुराहरु गर्छौ। त्यो समाज भन्दा बाहिर गएर आउने कुरा होइन। समाजमा विकृति, गरिबी छ समस्या छ तर त्यसको बाबजुदपनि मानिसले खोज्ने मुक्ति स्वतन्त्रता न्यायका गीतहरु खोजेर कविले हिँड्छ,' क्षितिजले भने। सो सत्रलाई गणेश खनियाले सहजीकरण गरेका थिए।

# सबलाइम माविको २९ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन




पोखरा ७ रत्नचोस्थित सबलाइम अङ्ग्रेजी माध्यमिक विद्यालयको २९ औं वार्षिकोत्सव, पुरस्कार वितरण समारोह तथा विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगर शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले आफ्ना सन्तानलाई सकरात्मक कुरा र जीवनोपयोगी सिप घरमै सिकाएर हौसला बढाउन अभिभावकले समय छुट्याउन अपरीहार्य रहेको बताए।

आचार्यले पढाइसँगै सिकाइ आवश्यक रहेकोले समयसमयमा अभिभावक र शिक्षक बिच अन्तरक्रिया गरी विद्यार्थी आफैले अध्ययनसँगै अभ्यास र अनुसन्धान गरी अब्बल बन्न कोसिस गर्नुपर्ने बताए। गुणस्तरीय तथा समयसापेक्ष शिक्षामा जोड दिँदै पोखराको शैक्षिक क्षेत्रमा सबलाइमको भूमिका महत्वपूर्ण रहेको धारणा राखे।

हिसान कास्कीका अध्यक्ष दिवाकार जैशी, प्याब्सनका केन्द्रीय उपाध्यक्ष कृष्ण केसी, प्याब्सन गण्डकी प्रदेश सचिव विश्वराज बास्तोला, प्याब्सनका केन्द्रीय सल्लाहकार गणेशमासिंह भण्डारी, राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश परीक्षा व्यवस्थापन कार्यालयकी वरिष्ठ अधिकृत ईश्वरी शाह पाण्डे, अभिभावक सुरेश रानाभाट, विद्यार्थी अनुष्का लिगल लगायतका वक्ताले विद्यालयको प्रगति र उन्नतिका लागि शुभकामना मन्तव्य राखेका थिए। विद्यालयले दिने शिक्षासँगै माटोप्रतिको ममता जगाउन, अनुशासन र संस्कार सिकाउन अपरीहार्य रहेको शुभकामना दिने वक्ताहरूको धारणा रहेको थियो।

कार्यक्रममा विद्यार्थीले सामूहिक नृत्य, लोकनृत्य, सचेतनामूलक नाटक, विभिन्न जनजातिका नृत्य, कराँते प्रदर्शन, अबाकस सिप प्रदर्शन एवम् बालगीत लगायतका प्रस्तुति राखेको थिए। शैक्षिक कार्यक्रमतर्फ कक्षा नर्सरीदेखि १२ कक्षासम्मका उत्कष्ट जिपिए ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो। वि.सं. २०५२ सालमा स्थापित विद्यालयमा हाल नर्सरीदेखि १२ सम्म १२ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। आफ्नै भवनमा सञ्चालित विद्यालयले कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल म्यानेजमेन्टको पढाइ सञ्चालन गर्दै आएको छ। उच्चशिक्षाका लागि सम्बन्धन पर्खिरहेको विद्यालयले विविए र विआइएम कार्यक्रम सञ्चालन गर्ने योजना रहको प्राचार्य पुष्प पराजुलीले जानकारी दिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् संस्थापक निर्देशक त्रिभुवन पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रिन्सिपल पुष्पराज पराजुलीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने नेपाली विभाग प्रमुख कमलापति शर्माले कार्यक्रम सञ्चालन गरेको थिए।

# नवीन माविमा अभिभावक भेला तथा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन




पोखरा महानगरपालिका वडानम्बर ४ मा रहेको नवीन माध्यामिक विद्यालयमा अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा शैक्षिक सत्र (२०८०) मा कक्षागत उतृष्ट हुने विद्यार्थीलाई पुरस्कार वितरण गर्नुको साथै विद्यालयले संचालन गरेका विभिन्न खेलकुद प्रतियोगिताका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडानम्बर ४ का वडाध्यक्ष देवकृष्ण पराजुली, वडासदस्य पार्वती श्रेष्ठ माकाजु र प्रकाश कोइराला, विद्यालय व्यवस्थापन समितिका सदस्य बसन्तप्रसाद पराजुली, प्रधानाध्यापक शिरोमणी लामिछाने र सहप्रध्यापक गौरीदेवी पौडेल, नेपाल शिक्षक महासंघ कास्कीका अध्यक्ष भोलानाथ पौडेल लगायतले पुरस्कार वितरण गरेका थिए।

कार्यक्रममा बोल्दै वडाध्यक्ष पराजुलीले सरकारी विद्यालयमा अभिभाव र स्थानीयको चसो हुनपर्ने बताए। विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि वडाले हरेक वर्ष बजेट बिनियोजन गदै आएको उनले जानकारी दिए। विद्यालयका प्रधानाध्यापक शिरोमणी लामिछानेले विद्यालयमा करिब ५ सय विद्यार्थी अध्यनरत रहेको जानकारी दिए। कक्षा ४ सम्म अंग्रेजी माध्यममा पठनपाठन भइरहेको र क्रमस माथिल्ला कक्षामा पनि अंग्रेजी माध्यमा पठनपाठनको व्यवस्था मिलाइने उनले बताए। शिक्षक महासंघ कास्कीका अध्यक्ष भोलानाथ पौडेलले समयको मागलाई ध्यानमा राखेर विद्यार्थीलाई शिक्षा दिनसक्नुपर्नेमा जोड दिए। कार्यक्रमका अध्यक्ष बसन्त पराजुलीले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा शिक्षक, अभिभावक र विद्यार्थीको साथ र सहयोगको आवश्यकता रहेको बताए। अभिभावक देवराज लामिछानेले सरकारी विद्यालयमा शिक्षकहरुलाई प्रोत्साहन गर्नुपर्ने धारणा राखे। कार्यक्रममा विद्यार्थीले विभिन्न सास्कृतीक कर्यक्रम प्रस्तुत गरेका थिए।

# पर्यटन प्रवर्द्धन गर्न मनकामनादेखि गोरखकाली मन्दिरसम्म पदयात्रा

**पोखरापत्र संवाददाता**
गोरखा, १७ फागुन

गोरखाको प्रसिद्ध धार्मिकस्थलको रुपमा रहेको मनकामना मन्दिरदेखि गोरखकाली मन्दिरसम्मको पदयात्रा सुरु भएको छ।

गोरखा नगरपालिका र सहिद लखन गाउँपालिकाको सहयोगमा जिल्लाको दुई प्रमख धार्मिक पर्यटकीय गन्तव्यलाई जोडेर पर्यटन प्रवर्द्धनका लागि रोटरी क्लब अफ गोरखाको आयोजनामा पदयात्रा थालिएको हो। "मनकामनादेखि गोरखकालीसम्मको पदमार्गलाई स्थापित गर्न सकियो भने मनकामना मन्दिर आउने भक्तजन गोरखकाली मन्दिरसम्म पुग्ने अवस्थाको सृजना हुन्छ, क्लबका अध्यक्ष बिनोदकुमार बस्न्यातले भन्नुभयो, "यसले गोरखाको पर्यटन विकासमा पनि थप टेवा पुग्नेछ।" पदयात्राले पदमार्गको पहिचानका लागि मद्दत पुग्ने विश्वाससमेत लिइएको छ। मनकामना मन्दिरसम्म आउने धार्मिक पर्यटकलाई गोरखकाली मन्दिरसम्म पुऱ्याउनका पदयात्राको महत्व रहेको गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले बताउनुभयो।

उक्त पदमार्गमा नेपालकै प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्यको रुपमा रहेको मनकामना मन्दिर, बक्रेश्वरी मन्दिर, शिद्ध लखन थापाको गुफा, नेपालका प्रथम सहिद लखन थापाको जन्मथलोमा काउँले भञ्ज्याङ, कुहिरे भिर हुँदै गोरखकाली मन्दिर पुग्न सकिन्छ। "देशभरीका नागरिक नेपाल एकीकरणको इतिहास बुझ्न एकपटक गोरखा आउनुपर्छ, उहाँले भन्नुभयो, "हामीले गोरखा भ्रमण बर्षको घोषणा गरेर गोरखामा पर्यटन प्रवर्द्धनका लागि योजना बनाएर पनि काम गरिरहेका छौं।" मनकामना मन्दिर र गोरखकाली मन्दिरको ऐतिहासिक र धार्मिक सम्बन्ध भएपनि एकआपसमा जोडेर पर्यटन प्रवर्द्धन गर्न नसकिएको नगरप्रमुख रानामगरको भनाइ छ।

पदयात्रामा निस्किएको टोली शनिबार गोरखा सदरमुकामस्थित गोरखकाली मन्दिरमा आइपुग्नेछ। "यीदुईमन्दिरकाबीचदिदीबहिनीको सम्बन्ध रहेको पाइन्छ, नगरप्रमुख रानामगरले भन्नुभयो, मनकामना मन्दिरको दर्शन गर्ने दर्शनार्थीले गोरखकाली मन्दिरको पनि दर्शन गरे चाहेको सबै मनोकाक्षा पुरा हुन्छ भन्ने धार्मिक विश्वास पनि रहदैं आएको छ।"

# माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप भलिबलको उपाधि गलकोटलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन



माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधी गलकोट नगरपालिका बागलुङ्ले हाता पारेको छ।

अघिल्लो वर्ष उपविजेता वनेको गलकोटले यस वर्ष माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश स्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेता वनेको हो । विजेत वनेको गलकोटले नगद २ लाख ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो । प्रतियोगितामा शुक्ला गण्डकी नगरपालिका तनहुँ उपविजेतामा नै चित्त वुझायो । शुक्ला गण्डकीले नगद १ लाख ट्रफी र मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो । सेमिफाइनल उपविजेता निसिखोला गा.पा र बौदीकाली गा.पालाई नगद रु ५०/५० हजार साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गरे । उक्त फाइनल खेलमा गलकोट नगरपालिका बागलुङ्ले शुक्ला गण्डकी नगरपालिका तनहुँलाई २५-२०, २५-१२, १६-२५ र २५-२० ले पराजित गऱ्यो।

पुरुष तर्फ गलकोटका रेशम छन्त्याल उत्कृष्ट खेलाडी, शुक्ला गण्डकीका विष्णु क्षेत्री उत्कृष्ट स्पाइकर, अनिस कुमाल मिडल ब्लकर, क्रिस मल्ल ठकुरी उत्कृष्ट डिफेन्डर, गलकोटका मिन सुनार उत्कृष्ट सेटर, चिरन खड्का उत्कृष्ट सर्भर र सुरेन्द्र केसी उत्कृष्ट प्रशिक्षक घोषित भए। उनीहरुलाई पालिकाको लोगो अंकित खेलकुद पोशाक प्रदान गरिएको थियो । त्यसैगरी महिला तर्फको उपाधी शान्ता भलिवल ट्रेनिङ सेन्टर पोखरा प्रथम भएको छ। विजेता शान्ता भलिवल ट्रेनिङ सेन्टरले नगद १ लाख ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो । त्यसैगरी बाग्लुङ नगरपालिका बाग्लुङ द्धितीय भई नगद ५० हजार ट्रफी, मेडल र प्रमाण पत्रमा चित्त वुझायो। सेमीफाइनलनमा उपविजेता वनेका माछापुच्छ्रे गाउँपालिका 'ए' र 'वि' नगद २५/२५ हजार प्राप्त गरे । त्यसैगरी प्रतियोगिताको महिला तर्फ शान्ता भलिवल ट्रेनिङ सेन्टरकी निरुता शाहि उत्कृष्ट खेलाडी, बाग्लुङ नगरपालिकाकी सोङ्गा थापा उत्कृष्ट स्पाइकर, सलिना गुरुङ उत्कृष्ट डिफेन्डर, शान्ता भलिवल ट्रेनिङ सेन्टरकी शोभा पाइजा मिडल ब्लकर, टेनीशा छन्त्याल उत्कृष्ट सेटर, रोस्मिना गुरुङ उत्कृष्ट सर्भर र दिनेश चौधरी उत्कृष्ट प्रशिक्षक घोषित भए । उनीहरुलाई पालिकाको लोगो अंकित खेलकुद पोशाक प्रदान गरिएको थियो । कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मिनबहादुर गुरुङ, उपाध्यक्ष सिता अधिकारी प्रमुख प्रशाशकिय अधिकृत गोपिकृष्ण अर्याललगायतले पुरस्कार वितरण गरेका थिए।

यसअघि शनिबार भएको पुरुष तर्फ भएको भलिवल प्रतियोगितामा क्वाटर फाइनल खेलमा बौद्धकाली गाउँपालिका नवलपुरले पुतली बजार नगरपालिका स्याङ्जालाई २५-२३, २५-२१, २२-२५, २०-२५ र १५-१२ ले पराजित गऱ्यो। त्यसैगरी पहिलो सेमिफाइन खेलमा गलकोट नगरपालिका बाग्लुङ्ले निशिखोला गाउँपालिकालाई २५-१८, २५-२०, २१-२५ र २५-१५ ले पराजित गऱ्यो। त्यस्तै दोस्रो सेमिफानल खेलमा शुक्ला गण्डकी नगरपालिका तनहुँले गत वर्ष विजेता बौद्धकाली गाउँपालिका नवलपुरालाई १६-२५, २५-१९, २१-२५, २५-१७ र १५-१३ ले पराजित गऱ्यो । अघिल्लो वर्षको विजेता बौद्धकाली यस वर्ष सेमिफाइनलबाटै बाहिरीयो।

माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा पर्यर्टकीय क्षेत्र धम्पुसमा तेस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता भएको हो । प्रतियोगिताको स्थानीय व्यवस्थापन माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धम्पुस र संयोजन माछापुच्छ्रे गाउँपालिका भलिबल संघ लाहाचोक कास्कीले गरेको हो। प्रतियोगिता फागुन १४ देखि १७ गते सम्म चलेको थियो।

प्रतियोगितामा पालिकाबाट दुई जना राष्ट्रिय खेलाडिको समावेश गराउन पाउने व्यवस्था गरिएको थियो । प्रतियोगितामा राष्ट्रिय स्तरका खेलाडी पनि सहभागिता जनाएको कारण प्रतियोगिता थप रौनकता आएको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङले जानकारी दिए। स्थानिय स्तरबाट खेलाडि उत्पादन गर्ने उद्देश्यका साथ आयोजना गरेको तेस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगितामा खाना, खाज र वस्नको प्याकेजको व्यवस्था मिलाईएको थियो । प्रतियोगितामा विविध साँस्कृति कार्यक्रम पनि गरिएको माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष बैकुण्ठ प्रसाद भण्डारीले जानकारी दिए। माछापुच्छ्रे गाँउपालिकाका प्रमुख प्रशाशकिय अधिकृत गोपिकृष्ण अर्यालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन खेलकुद विकास समितिका सदस्य सचिव हुमबहादुर गुरुङले गरेका थिए।

# तेश्रो बेगनास कपका ६ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
लेखनाथ, १७ फागुन



विकास, अनुशासन र गतिशीलता भन्ने नाराका साथ बेगनास युवा क्लवको आयोजनामा शुक्रबारबाट शुरु भएको तेश्रो बेगनास कपमा शनिबार ६ खेल सम्पन्न भएका छन।

पहिलो खेलमा न्यू स्टार एफसीले शान्तिदिप युथ क्लवलाई ८ गोलको फराकिलो अन्तरले पराजित गरेको छ । जसमा शान्तिदिपका अन्जन मगरले मात्रै व्यक्तिगत ६ गोल गरेका थिए भने निश्चल जिसी र दिपेन गुरुङले एक एक गोल गरेका थिए। यस्तै दोश्रो खेलमा ब्ल्याक डाईमण्डले सम्सेर एण्ड सनम एफसीलाई २-० को गोल अन्तरले पराजित गरेको छ भने तेश्रो खेलमा आयोजक बेगनास क्लव निलोले घरेलु एफसीलाई ३-१ को अन्तरले हराएको छ।

शनिबार नै सम्पन्न चौथो खेलमा एन डी कसमस जापानले आईडिओ कास्कीलाई २-१ को अन्तरले पराजित गरेको छ भने पाँचौं खेलमा मिक्की एफसी ले नौलो तारालाई ३-० को अन्तरले पराजित गरेको छ । विनोद मेमोरियल र खरबारी एफसी विच भएको अन्तिम खेलमा ३-० को अन्तरले विनोद मेमोरियलले जित हासिल गरेको छ। प्रतियोगितामा विनोद मेमोरियलका अनुज भण्डारीले ह्याट्रिक गरेका गरेका थिए। फागुन २२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा करिव २८ टिमको सहभागिता रहने प्रतियोगिताका संयोजक विज्ञान कोईरालाले जानकारी दिएका छन् । प्रतियोगिता संचालन गर्न रु ९ लाख ५० हजार खर्च लाग्नेछ भने करिव १० लाख आम्दानी हुने र खर्च कटाएर ५० हजार बचत हुने अनुमान गरिएको छ भने प्रतियोगिताबाट वचत हुने रकमबाट खेल मैदान मर्मत, क्लवका सदस्य हरुको क्षमता अभिवृद्धि तथा स्थानिय पर्यटन प्रवर्धन गर्न खर्च गरिने छ।

प्रतियोगितामा पोखरा महानगरपालिका वडा नं ३१ को कार्यालय संरक्षकको रुपमा रहेको छ भने सहयोगी संस्थाहरुमा पोखरा महानगरपालिका वडा नं ७, ८, ९, १२, १३, २६ र ३० को कार्यालय, एन्फा कास्की, लेखनाथ उद्योग वाणिज्य संघ, आदर्श युवा क्लव रहेका छन्।

# महिलालाई मादल बजाउने तालिम दिँदै पर्वतका स्थानीय तह

**पोखरापत्र संवाददाता**
पर्वत, १७ फागुन

जिल्लाका स्थानीय तहहरूले महिलालाई मादल बजाउने वाद्यवादनसम्बन्धी तालिम पनि सञ्चालन गर्न थालेका छन्। महिलालाई स्रोजगार बनाउने उद्देश्यले यहाँका स्थानीय तहले महिलालाई वाद्यवादनसम्बन्धी तालिम दिन थालेका हुन्।

कतिपय स्थानीय तहले कृषि, पशुपालन, फलफूलखेती, होजियारी, क्षमता विकासलगायत लोकसेवा तयारी कक्षाहरू सञ्चालन गर्दै आएका देखेपछि जिल्लाका कुश्मा नगरपालिका र मोदी गाउँपालिकाले महिलालाई मादल बजाउने तालिम सञ्चालन गरेका हुन्। कुश्मा नगरपालिकाले १२ वटा वडाका महिला सहकारी संस्था र आमा समूहमा आबद्ध २८ जना महिलालाई १० दिने तालिम दिएको हो । महिलालाई वाद्यवादनको सीप सिकाएर आत्मनिर्भर र स्वरोजगारमुखी बनाउने उद्देश्यले मादल बजाउने तालिम सञ्चालन गरिएको नगरपालिकाकी उपप्रमुख स्वस्थानी रिजालले बताउनुभयो। "मादल बजाउने सीप परम्परागत भए पनि आधुनिक गीत, सङ्गीत र उपकरणका कारण नयाँ पुस्ताले भुलिसकेको अवस्थामा हामीले तालिम सञ्चालन गरेका हौँ।

यसले कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन हुनुका साथै स्वरोजगारका अवसर सृजना हुने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो। बेरोजगार महिलाहरू गाउँ, टोल, समाज र ग्रामीण क्षेत्रमा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रममा मादल बजाएर पनि आयआर्जन गर्न सकून् भन्ने मुख्य उद्देश्य रहेको उपप्रमुख रिजालले बताउनुभयो । उहाँका अनुसार नगरको ७५ प्रतिशत लागत साझेदारी र महिला सहकारी संस्थाको २५ प्रतिशत साझेदारीमा मादल खरिद गरी महिला समूहलाई मादल हस्तान्तरण गरिएको छ।

त्यस्तै, मोदी गाउँपालिकाले अध्यक्षसँग दिदीबहिनी कार्यक्रमअन्तर्गत महिलालाई मादल बजाउने सीप सिकाउने भएको छ । यही फागुन २० गतेदेखि १० दिनसम्म तालिम सञ्चालन गर्न थालिएको गाउँपालिकाकी अध्यक्ष हिरादवी शर्माले जानकारी दिनुभयो। बेरोजगार महिलालाई स्वरोजगार, सामाजिक योगदान तथा आत्मनिर्भर बनाउनका लागि पहिलोपटक तालिम सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । मोदी गाउँपालिकाले महिला सहकारी संस्था, महिला समिति तथा आमा समूहमा आबद्ध महिलामध्ये एक-एक जनालाई छनोट गरी तालिम दिने तयारी गरेको अध्यक्ष शर्माले बताउनुभयो । उहाँका अनुसार पालिकाले सूचना प्रकाशन गरेर तालिम लिन इच्छुक महिलालाई सम्पर्कमा आउन पनि आह्वान गरेको छ। मादल बजाउन नजानेकै कारण ग्रामीण क्षेत्रमा रहेका मौलिक सांस्कृतिक भाकाहरू लोप हुँदै जान थालेका भन्दै तालिमले हाम्रा मौलिक भाका र संस्कृतिको संरक्षण र प्रवर्द्धन हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। हरेक कार्यक्रम र सभा-समारोहमा कलाकार बोलाउने र आधुनिक गीत बजाएर 'स्पिकर'मार्फत मनोरञ्जन गर्ने प्रचलन हाबी भएकाले मौलिक संस्कृतिको जगेर्नाका लागि तालिम दिएर महिलालाई यसतर्फ आकर्षित गर्न खोजिएको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले बताउनुभयो। दश दिनसम्म सीप सिकेपछि महिलाले जस्तोसुकै कार्यक्रममा पनि वाद्यवादकका रूपमा काम गर्न सक्ने उहाँको विश्वास छ।

"हामीले लोकसेवा, शिक्षकसेवा, एसएलसी तयारी कक्षा, पशुपालन, बाख्रापालन, कुखुरापालन, मिनिटेलर मर्मत, कृषि तथा शैक्षिक विकासका तालिमहरू पनि दिँदै आएका छौँ, यसपटक महिलाहरूको धेरै माग भएकाले मादल बजाउने तालिम सञ्चालन गरेका हौँ", पुरीले भन्नुभयो।

जिल्लाको महाशिला, पैयूँ र विहादी गाउँपालिकामा शिक्षक सेवा आयोग र लोक सेवा आयोगको तयारी कक्षाहरू सञ्चालन गरिएका छन्। महिलाको क्षमता र नेतृत्व विकासका लागि स्थानीय सरकारले विभिन्न तालिम तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम गर्दै आएका छन्।

## गण्डकी प्रदेश सरकार
## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
## आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश
## मालेपाटन, पोखरा

# अगुवा कृषक छनौटको लागि निवेदन पेस गर्ने बारेको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/१८**

यस आयोजनाको "**अगुवा कृषक परिचालन कार्यविधि, २०८१**" अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरुमा प्रत्येक स्थानीय तहबाट ५ जनाका दरले अगुवा कृषक छनौट गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक न्यूनतम योग्यता पुगेका कृषकहरुले मिति २०८१/१२/०३ भित्र आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहको कृषि हेर्ने एकाइ/शाखा/महाशाखामा आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रम संचालन हुने | |
|---|---|---|
| | जिल्ला | स्थानीय तह |
| १ | तनहुँ | म्याग्दे, ऋषिङ |
| २ | कास्की | मादी, पोखरा, अन्नपूर्ण |
| ३ | स्याङ्जा | विरुवा, चापाकोट, गल्याङ |
| ४ | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास |
| ५ | मनाङ | नासों, चामे, मनाङ डिस्याङ |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरणः**

(क) अनुसूची-३ बमोजिमको निवेदन,
(ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(ग) अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,
(घ) अनुसूची-५ बमोजिमको व्यक्तिगत विवरण
(ङ) शैक्षिक योग्यता, फलफूल खेती सम्बन्धी तालिम तथा अनुभव (कृषक सहजकर्ता/कृषि प्रविधि प्रदर्शन कार्यक्रम संचालन) सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

**नोटः** आवेदन साथ पेस गर्नुपर्ने कागजातहरु आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा, सम्बन्धित स्थानीय तहको कृषि शाखा वा वेवसाईट add.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ।

अन्य जानकारीको लागि आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा आयोजना कार्यान्वयन एकाइको **सम्पर्क नं.** ०६१-५७०२७३/०६१-५७०२६३/०६१-५४३८९५ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५६००८५६६ वा ईमेल ठेगाना piugandaki.nafha@gmail.com मा सम्पर्क गर्न सकिनेछ।